# ECHO OF HIS CALL

## बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE (ECHO GROUP)

*India's National Spiritual Newspaper*

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editor : Bro. Bhuvan Devkoda

Vol. XXII | YEAR OF OUR LORD JESUS CHRIST, MAY 2022 | No. 5

**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**हितोपदेश २२:१-१०**

१. धेरै धन-सम्पत्तिभन्दा असल नाउँ रोज्नु वाञ्छनीय हुन्छ, सम्मानित हुनु चाँदी वा सुनभन्दा उत्तम हो ।

२. धनी र गरिब यस कुरामा समान छन् कि सबैलाई बनाउने परमप्रभु नै हुनुहुन्छ ।

३. बुद्धिमानले खतरा आइरहेको देख्छ र कतै शरण लिन्छ तर सोझोचाहिँ त्यसैतिर जान्छ र दु:ख भोग्छ ।

४. नम्रता र परमप्रभुको भयले धन, मान र जीवन ल्याउँछ ।

५. दुष्टका मार्गहरूमा काँढा र पासाहरू लुकिएका हुन्छन् तर जसले आफ्नो प्राणको रक्षा गर्छ, त्यो त्यस्ता कुराहरूदेखि टाढै रहन्छ ।

६. बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालीम देऊ र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन ।

७. धनीले गरिबमाथि प्रभुत्व जमाउँछ र ऋण लिनेचाहिँ ऋण दिनेको नोकर हुन्छ ।

८. दुष्टता रोप्नेले सङ्कष्टको कटनी गर्छ र त्यसको झोंकको लौरो नष्ट हुनेछ ।

९. उदार मानिसले आफैं पनि आशिष् पाउनेछ किनभने त्यसले आफ्नो भोजन गरिबलाई बाँड्छ ।

१०. गिल्ला गर्नेलाई बाहिर निकालिदिनू र खिचोला मेटिन्छ, कलह र अपमान टुङ्गिन्छन् ।

# के हामी अन्तिम दिनमा जिइरहेका छौं ?

## ARE WE LIVE IN THE LAST DAYS?

**भाइ एम. पावलराज**



अहिले रुस र त्यसको छिमेकी युक्रेन बीचको लडाइँले संसार बाँडिएको छ । लडाइँ २४ फेब्रुअरी, २०२२ मा सुरु भएको थियो र विदेशी देशहरूका विद्यार्थीहरूलाई उद्धार गर्न ५ मार्चमा ७ घण्टाको युद्धविरामपछि यो अझै पनि भइरहेको छ। पहिलो दिनमा रुसले युक्रेनमाथि सजिलो तरिकाले आक्रमण गरेको थियो तर त्यसपछि त्यसले युक्रेनबाट बलियो प्रतिरोध पाएको थियो । २१ मार्च २०२२ पुग्दासम्म अहिले यो २६ औं दिनमा पुगेको छ । मित्र देशहरूबाट युद्धका सामाग्रीहरू आएको कारण युक्रेनले बलियो प्रतिरोध गरे पनि त्यो रुसको निम्ति बलियो छैन। रुसको गुनासोचाहिँ युक्रेनले यूरोपेली युनियन र नेटोमा सहभागी हुने योजना गरिरहेको छ र यस कुराले तिनीहरूका (रुस) सीमाहरू नेटो शक्तिको सामु प्रत्यक्ष पहुँच हुन सक्छ । धेरै यूरोपेली देशहरू अहिले रूससँग नजिक छन् । त्यसैले रूसको भय आधारहीन छ । सार्वभौम देश भएको हुनाले युक्रेनसँग आफ्नो रुचिको कुरा छान्ने हरेक अधिकार रहेको छ। लडाइँचाहिँ रूसको पूर्ण अहंकारबाट उब्जिएको हो । संसारका देशहरू विशेष गरी अमेरिका र पश्चिमी देशहरूले रूसको आक्रमणको निम्ति भर्त्सना गरेका छन् र त्यसको विरुद्धमा विभिन्न नाकाबन्दी घोषणा गरेका छन् । ब्रिटेन र जर्मनीजस्ता केही युरोपेली देशहरूले युक्रेनलाई युद्धका सामाग्रीहरू प्रदान गरेका छन् । नेटोमा रहेका देशहरूले प्रत्यक्ष कार्यबाट अलग हुन राष्ट्रपति जो बाइडेनले कायम गरेका छन् किनकि त्यसले विश्वयुद्ध ३ मा लैजान सक्छ। अब त्यो पनि हुन सक्छ तर अवस्थालाई सामान्य बनाउन एक वा दुई दिनमा ब्रसेल्समा अमेरिकाका केही प्रमुखहरू र केही यूरोपेली देशहरूको दबाबको कारण दृष्टिकोण र निर्णयहरू परिवर्तन हुन सक्छ। युक्रेनका शान्ति क्षेत्र भएका सहरहरूमा पनि रूसले आक्रमण गरेको छ । तिनीहरूले सुपरसोनिक लडाइँका विमानहरू प्रयोग गरिरहेका र युक्रेनमा आधुनिक बमहरू खसालिरहेका छन् । लडाइँ तुरुन्तै रोक्न अहिले रूस संसारको आवाज सुन्न वा न्यायको अन्तर्राष्ट्रिय अदालतको कुरा सुन्ने विचारमा छैन ।

हाँस्यव्यङ्ग गर्ने व्यक्तिबाट राजनेताको रूपमा परिणत भएका युक्रेनका राष्ट्रपति भ्लादिमीर जेलेन्सी लडाइँको नायकको रूपमा काम गरिरहेका छन् र युक्रेनका सबै मानिसहरू तिनको पछि खडा भएका छन् । तिनले हालैको भर्चुअल सम्बोधनमा इस्राएली संसदलाई सम्बोधन गरेका थिए, जसमा तिनी यहूदीको सन्तान हुन् भनेर दाबी गरेका थिए र तिनीहरूको सहयोग मागेका थिए ।

अब इस्राएली प्रधानमन्त्री नाफ्टाली बेनेटले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निम्तोमा २ अप्रिल २०२२

बाँकी पृष्ठ ३ मा

**बोलावटको प्रतिध्वनि** सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....

**“परमप्रभुको दाहिने बाहुली उचालिएको छ, परमप्रभुको दाहिने बाहुलीले सामर्थी काम गरेको छ” (भजनसंग्रह ११८:१६) ।**



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


**CHIEF EDITOR**

Angeline Selvakumari Henry, M.A., M.Ed.

**MANAGING EDITOR**

Pastor Alex Samson Sam, B.Th., M.Div.

**ADMINISTRATION**

Bro. N. Prakasam, M.A., General Manager

**EDITORIAL BOARD**

Sis. Jesy Veena Sam
Bro. M. Paulraj, M.A., B.Ed.
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.

**EDITOR, PUBLISHER & PRINTER**

Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858

**E.mail ID**

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**

www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**

Echo of His Call


प्रभुमा प्रियहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं !

हाम्रो निम्ति गर्नुभएका तपाईंका प्रार्थना र सहायताले हामीलाई दिनदिनै उच्च स्तरमा लैजान्छ । त्यसैले, हामी तपाईंको निम्ति प्रार्थना गर्न बाध्य छौं । हामी “धन्यवाद” भन्न पनि गर्व गर्दछौं ।

मईको महिनामा भारतमा भएका बालबालिका र युवाहरूले स्कुल र कलेजहरूले दिएको बिदामा आनन्द गरिरहनुभएको होला । यी बिदाहरूको समयमा संसारका थोकहरूमा समय नबिताउनुहोस् तर हामी तपाईं र तपाईंका छोराछोरीलाई प्रभुको निम्ति उपयोगी हुने केही काम गर्न अगाडि आउन उत्साह दिन्छौं । तपाईं आफ्नो मण्डलीको विशेष सेवाहरूमा सहभागी हुन र तपाईंको मण्डलीमा मर्मतका काममा सहायता गर्न सक्नुहुन्छ, जसले परमेश्वरलाई प्रसन्न पार्छ । तपाईंले त्यस्तो काम गर्नुहुन्छ भने परमेश्वरले तपाईंका परिवारहरूलाई आशिष् दिनुहुनेछ । प्रभुले तपाईं र तपाईंको परिवारमा धेरै असल कार्यहरू गर्नुभएको छ । ती लाभहरूलाई नबिर्सनुहोस् ।

परमेश्वरका हामी सेवकहरू आनन्दपूर्वक र ठूलो प्रेरणाको साथमा क्रियाकलापहरूमा सहभागी पनि भएका छौं । १६ वटा भाषामा बोलावटको प्रतिध्वनि पत्रिकाको साथमा हाम्रो अंग्रेजी हाई स्कुल, तामिल साँझको बाइबल कलेज, हिन्दी अनलाइन बाइबल कक्षाहरूका साथै अंग्रेजी र तामिल भाषामा दुरी शिक्षा कोर्स प्रभावकारी रूपमा र सफलतापूर्वक संचालन भइरहेको छ । हाम्रो वृद्धि भएको मण्डलीका सेवाहरू र हिन्दी आवासीय बाइबल कलेज अर्को महिनादेखि संचालनमा आउनेछ । यी सबै क्रियाकलापहरूको उपयुक्त संचालनको निम्ति हामीलाई तपाईंको प्रार्थनाको आवश्यकता छ ।

तपाईंमध्ये धेरैले हाम्रा आवश्यकताहरू महसुस गर्नुभएको छ र हामीले तपाईंलाई बताउनुभन्दा अघि नै भेटीहरू बैंक ट्रान्सफरहरू, गुगलपे, मनी अर्डर, चेक र डिमान्ड ड्राफ्टबाट पठाइरहनुभएको छ । हामी उत्साहित भएका छौं र हाम्रो शक्तिशाली परमेश्वर येशू ख्रीष्टको नाउँमा हामी तपाईंलाई आशिर्वाद दिन्छौं । भलाइ र कृपा तपाईंको पछि लागोस् ।

हाम्रो परिवारका सदस्यहरू र हामीमध्ये केहीले शरीरमा कमजोरी महसुस गरिरहेका छौं । विशेष गरी भाइ पावलराज र पास्टर मुथु आफ्नो रोगबाट निको भएका होऊन् भनेर निरन्तर प्रार्थना गरिदिनुहोस् ।

हामी तपाईंलाई प्रेम गर्छौं र तपाईंको निम्ति निरन्तर प्रार्थना गर्छौं । तपाईंका पत्रहरू, इमेलहरू, टेलिफोन कलहरू र अन्या सबै सहायता र सहयोगको निम्ति हामी तपाईंलाई धन्यवाद दिन्छौं । हामीले तपाईंका आग्रहहरू र बिन्तीहरू परमेश्वरमा राखेका छौं ।

परमेश्वरको अनुग्रह तपाईंसँग रहोस् । आमेन ।

*ख्रीष्ट येशूमा तपाईंका सेवकहरू*


*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858, E.mail : samselvaraj333@gmail.com



**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

*पृष्ठ १ बाट*

मा भारत भ्रमण गर्ने योजना गरेका छन्। त्यसैले, इस्राएल ठूलो लडाइँको तयारीमा छैन। भारतले रूस र युक्रेनको बीचमा भएको लडाइँमा तटस्ट बनेको छ। तापनि भारतले युक्रेनलाई मानवीय सहयोग प्रदान गरेको छ।

लडाइँ २६ औं दिनमा प्रवेश गरेको हुनाले योचाहिँ विश्वव्यापी लडाइँमा परिणत हुने प्रबल सम्भावना छ। त्यो अवस्थामा रूसले इस्राएललाई आफ्नो मुख्य शत्रुको रूपमा आक्रमण गर्नेछ। त्यसपछि त्यो तेस्रो विश्वयुद्ध हुन सक्छ। जेलेन्सीका अनुसार इस्राएलसँग कुनै पनि देशमाथि आक्रमण गर्न सक्ने सैनिक शक्ति रहेको छ। इस्राएलमाथि आक्रमण गरियो भने आउँदो दिनमा अवस्थाहरूले कसरी मोड लिन्छ भनेर कसैलाई पनि थाहा छैन।

पवित्रशास्त्र अनुसार, आरमागेड्डोन लडाइँको अघि रूस इस्राएलको विरुद्धमा आउनेछ। इस्राएलले लडाइँ जित्ने छ र इस्राएलका मानिसहरूले लडाइँका मसिनहरूको बाँकी रहेका भागहरू ७ वर्षको निम्ति बाल्ने काठको रूपमा प्रयोग गर्नेछन्। अहिले, रूसले नर्वेबाट विशेष प्रकारको काठ लडाइँका विमानहरू बनाउन प्रयोग गरिरहेको छ, जुन ७ गुणा शक्तिशाली छ तर तौलमा कम छ (इजकिएल ३८ र ३९)। तर हामीलाई थाहा छ, हरेक थोक परमेश्वरको इच्छाअनुसार हुनेछ। हामीले संसारका मानिसहरूको सुरक्षाको निम्ति प्रार्थना गरौं।

वर्तमान लडाइँ त्यसको तार्किक अन्त्यमा आउँछ भने पनि प्रकाशको पुस्तकमा परमेश्वरले पहिले नै योजना तयार गरिसक्नुभएको छ, जहाँ सात मोहोरहरू तोडिएको, सात तुरहीको आवाज र सात कचौराहरू पाखिएको कुराहरू परमप्रभुले समयावधि तोक्नुभएअनुसार हुनेछ। पहिलो चार मोहोरहरू तोडिएको परिणाम हामीले अनुभव गरिरहेका छौं। पाँचौं मोहोर तोडिने कामचाहिँ महासंकष्टको सात वर्षको पहिलो आधाको समयमा हुनेछ किनकि त्यो समयमा तिनीहरू शहीदको रूपमा मर्नेछन्। अब हामी पहिलो चार मोहोरहरू तोडिएको दिनमा जिइरहेका छौं भनेर म बलियो रूपमा महसुस गर्छु, जहाँ हामीले संसार र प्रकृतिमा चिन्हहरू र चमत्कारहरू भइरहेको देख्छौं। रूस र युक्रेन बीचको वर्तमान लडाइँ मोहोर तोडिएअनुसार हो। येशू ख्रीष्टले यी कुराहरू पवित्र बाइबलमा मत्तीको सुसमाचार २४ अध्यायमा पनि भन्नुभएको छ।

संसारको अन्त्य र येशूको आगमनको सम्बन्धमा उहाँले नोआको दिनमा र प्रभुको आगमनको दिनमा संसारको विनाशको बारेमा समानान्तर कुरा राख्नुभएको छ। परमेश्वरले नोआलाई तिनी र तिनको परिवार मात्रै अट्ने जहाज निर्माण गर्न भन्नुभयो किनकि परमप्रभुले जलप्रलयबाट संसारलाई विनाश गर्न लाग्नुभएको थियो। नोआले परमेश्वरको आज्ञा पालन गरे र तिनी र तिनको परिवारले परमेश्वरले आज्ञा गर्नुभएअनुसार जहाज निर्माण गर्न सुरु गरे। बाइबलका पण्डितहरूले भनेका छन् कि नोआलाई सो काम पूरा गर्न करिब १०० वर्ष लागेको थियो। त्यो समयका मानिसहरूले नोआलाई गिज्याए र हाँसो गरे। तापनि, नोआले तिनीहरूलाई पश्चात्ताप गर्न र जहाजमा प्रवेश गर्न भने (२ पत्रुस २:५)। तर कसैले पनि तिनको बिन्तीलाई सुनेनन्। परमप्रभुले निर्धारण गर्नुभएअनुसार जहाजको निर्माण पूरा भयो।

येशूले भन्नुभयो, जसरी जलप्रलयभन्दा अगाडि नोआ जहाजभित्र पस्ने दिनसम्म मानिसहरू खाइरहेका, पिइरहेका र विवाहबारी गरिरहेका थिए अनि जलप्रलय आएर तिनीहरू सबैलाई स्वात्तै बगाइ नलगेसम्म तिनीहरूले थाहा पाएनन्। मानिसको पुत्रको आगमन पनि त्यस्तै हुनेछ (मत्ती २४:३७-३९)।

संसारको वर्तमान दिन नोआको दिनभन्दा असल छैन। संसार दुष्टताले भरिएका छ र बाँकी रहेको भ्रष्टताले प्रभुको हस्तक्षेप निम्त्याइरहेको छ। हामी वास्तवमै अन्तिम दिनमा जिइरहेका छौं।

अब करोडौं पैसाको प्रश्न, येशू कहिले आउनुहुन्छ? महासंकष्टको सात वर्षको अवधिको सुरुवातअघि र ख्रीष्टविरोधीको आगमनमा येशू आउनुहुन्छ भनेर धेरैको विचार रहेको छ। २ थेसलोनिकी २:१-२ लाई केही मानिसहरूले उल्लेख गर्छन्, महासंकष्टको समयमा ख्रीष्टविरोधी आउनेछ भन्छन्। ख्रीष्टविरोधी कहिले आउनेछ भन्ने कुरा विवादको कुरा होइन? महासंकष्टको अन्तमा येशू सियोन पर्वतमा तल आउनुहुनेछ र आरमागेड्डोनमा ख्रीष्टविरोधीलाई पराजित गर्नुहुनेछ।

मोहोरहरू तोड्ने काम कहिले हुन्छ? येशू आफैंले भन्नुभयो, धेरै जना उहाँको नाउँमा आउनेछन्, **"...म ख्रीष्ट हुँ र धेरैलाई छल गर्नेछन्"** (मत्ती २४:५)। योचाहिँ ख्रीष्टविरोधीको आत्माको काम हो। ख्रीष्टविरोधीको आत्मा संसारमा पहिले नै छ र अहिले काम गरिरहेको छ। जब पहिलो मोहोर तोडिन्छ।

## पहिलो मोहोर

जब थुमाले पहिलो मोहोर खोल्नुभयो, यूहन्नाले सेतो घोडा देखे। अनि त्यसमाथि बस्नेसँग धनु थियो र त्यसलाई मुकुट दिइयो र त्यो विजय गर्दै र विजयी हुन निस्कियो (प्रकाश ६:१,२)। सेतो घोडामाथि बस्ने मानिस ख्रीष्टविरोधी होइन किनकि त्यो धेरै देशहरू (मानिस) का बीचबाट निस्किएको थियो। त्यो आत्मा थिएन तर देशहरूको राजाहरू वा राष्ट्रपतिहरू वा प्रधानमन्त्रीहरूमध्ये एउटा हुन सक्छ। यहाँ, सेतो घोडाबाट निस्किएको मानिस ख्रीष्टविरोधीको आत्मा हो, जो पहिलो शताब्दीदेखि नै आफैं चलिरहेको छ। पहिलो शताब्दीमा जिएका प्रेरित यूहन्नाले ख्रीष्टविरोधीको आत्माको उपस्थितिको गवाही बनेका थिए र आफ्नो पहिलो पत्रमा चेतावनी दिएका छन् र भन्छन्, **"बालकहरू, आखिरी घडी यही हो। ख्रीष्टविरोधी आइरहेछ भन्ने तिमीहरूले सुनेका छौ। अब धेरै ख्रीष्टविरोधी आएका छन्। यसकारण हामी जान्दछौं कि यो आखिरी घडी हो"** (१ यूहन्ना २:१८)। पिता र पुत्रलाई इन्कार गर्ने व्यक्ति ख्रीष्टविरोधी हो (१ यूहन्ना २:२२)। किनकि हामीले पहिले नै भनेका छौं, ख्रीष्टविरोधी मानिस हो, जो देशहरूका बीचबाट आउनेछ, अझै आउन बाँकी नै छ र यूहन्नाले गवाही दिएको व्यक्तिचाहिँ ख्रीष्टविरोधीको आत्मा हो। हामीले यी दिनहरूमा पनि यस्ता मानिसहरूका बारेमा गवाही दिएका छौं। सेतो घोडामा बसेको मानिसलाई प्रकाश १९:११ मा भएको सेतो घोडामा भएको मानिसको पुत्रसँग अन्योलमा पर्नुहुँदैन।

## दोस्रो मोहोर

रातो घोडा बाहिर निस्किएको थियो। त्यसमाथि बस्नेलाई पृथ्वीको शान्ति हरण गर्ने र मानिसहरूले एकले अर्कालाई मार्ने अधिकार दिइएको थियो, र त्यसलाई महान् तरवार दिइएको थियो (प्रकाश ६:३,४)। यस मानिसलाई पृथ्वीबाट शान्ति हरण गर्ने र मानिसहरूले एकले अर्कालाई मार्ने अधिकार दिएको थियो, त्योचाहिँ लडाइँ र आतंकवादी क्रियाकलापहरू हुन्। संसारमा यो अवस्था हजारौं वर्षअघिदेखि रहेको छ। त्यसले धेरै नै काम गरिसकेको छ।

## तेस्रो मोहोर

जब तेस्रो मोहोर तोडिएको थियो, कालो घोडा निस्कियो र त्यसमाथि बस्ने मानिसलाई तराजु दिइएको थियो। त्यसलाई संसारमा अनिकाल

ल्याउने अधिकार दिइएको थियो। संसारका विभिन्न भागहरूमा यो कुरा देख्न सकिन्छ। केही अफ्रिकी देशहरूले प्रायः अनिकालको सामना गर्छन् । इथियोपिया, सुडान, सोमालियाजस्ता, आदि देशहरूले प्रायः यस्तो कुराको सामना गर्छन् । हालै मात्र हाइटी देशको द्वीपमा गम्भीर ज्वालामुखी विष्फोटन भएको थियो, जसले गर्दा सुनामी आएको थियो, जसले त्यो द्वीप चिन्न नसकिने तरिकामा विनाश भएको थियो। अहिले त्यहाँका मानिसहरूले तातो सूर्यको घाममा माटोलाई सुकाएर रोटीको रूपमा खान्छन्। श्रीलङ्काले आशा नगरिएको अनिकालको कारण आर्थिक संकटको सामना गरिरहेको छ। अफगानिस्तान अनिकालको संघारमा छ। वर्तमान महामारी कोभिड १९ पनि संसारमा खानेकुराको गम्भीर अभाव हुनेछ भनेर पूर्वानुमान गरिएको छ।

बिल गेटस् र अन्य धनाढ्यहरूले अमेरिका र अन्य देशहरूमा लाखौं एकर कृषियोग्य जमिन किनेका छन् र कृषि सुरु गरेका छन्। तिनीहरू पहिले नै अनाज बजारमा प्रवेश गरेका थिए र तिनीहरूका उत्पादन बेचेका छन्। भारतमा हालै मात्र तीन वटा कृषिसम्बन्धी कानुनहरू पारित गरिएको छ र त्यसपछि ठूलो स्तरमा कृषिमा प्रवेश गर्न र व्यापार गर्न हाम्रा धनाढ्यहरूलाई सक्षम गर्नको लागि रद्द गर्ने कुराचाहिँ सुरुवात हो। ऐनहरू रद्द भए पनि तिनीहरू रोकिदैनन् । तिनीहरूले वर्तमानमा भएको कानुनको कमजोर बिन्दुलाई प्रयोग गर्दै ठूलो मात्रामा कृषियोग्य जमिन किन्नेछन् र कृषिमा आधारित व्यापारमा प्रवेश गर्नेछन् । बिरलाले देशभरि नै ठूला गोदामहरू पहिले नै निर्माण गरिसकेको छ भनेर बताइएको छ। के हुन्छ होला ? तिनीहरूले पूरै अनाजको व्यापारलाई कब्जा गर्छन् र कृत्रिम अभाव सृजना गर्छन् । अब रु. ५० प्रति केजी बिक्री भएको चामल अब रु. ५०० हुन सक्छ। त्यसैले, मोहोर भएको मानिसले आफ्नो धेरै मात्रामा काम गरेको छ।

## चौथो मोहोर

पहेंलो घोडा निस्कियो र त्यसमाथि बस्ने मानिसलाई मृत्यु भनिएको थियो र पाताल त्यसको पछि लागेको थियो । त्यसलाई पृथ्वीको एक चौथाइ भागमाथि अधिकार गर्न तरवार, भोक, मृत्यु र पृथ्वीका पशुहरूबाट (पशुहरूबाट महामारीको फैलावट) मार्ने अधिकार दिइएको थियो। देशहरूले तरवारको विरुद्ध तरवार लिएका छन् र संसारले पहिले नै सन् १९१८ र १९४५ मा ठूला विश्वयुद्धको सामना गरिसकेको छ, जसमा करोडौं मानिसहरू मरेका थिए। संसारका विभिन्न भागहरूमा लडाइँ भइरहेको पनि छ र ठूलो मात्रामा धनजनको क्षतिहरू भएका छन्। रूस र युक्रेनजस्ता देशहरू लडाइँमा छन् । एचआइभी, एचआइभी१, इन्फ्लुएन्जा (१९१८), एच२एन२ (१९५७), जिका (२०१८), १९६८ को फ्लु (२०२०) र निपा (२०२१) र वर्तमान कोभिड १९ ले करोडौंको जीवन लिएको छ। यस्ता भाइरसहरू बोक्नेचाहिँ पशुहरू हुन्। तिनीहरूले मानव जीवनमा अत्यन्तै धेरै बिगार गरेको छ । एक पटक भाइसर फैलिसकेपछि त्यो चाँडै मर्दैन । ती आज पनि वरिपरि नै छन्।

## पाँचौं मोहोर

परमेश्वरको वचन र तिनीहरूसँग भएको गवाहीको कारण तिनीहरूलाई मारिएको थियो । यूहन्नाले तिनीहरूलाई बेदीको मुनि देखे । बेदीको मुनि भएका शहीदहरू ती व्यक्तिहरू हुन्, जो महासंकष्टको पहिलो साढे ३ वर्ष परमेश्वरको वचन र उठाइलगिएपछि उहाँको गवाहीको निम्ति खडा भएका तर मारिएकाहरू हुन् । त्यसैले यो मोहोर उठाइलगिएपछि तोडिन सक्छ।

## छैटौं मोहोर

अहिलेसम्म जति वटा पनि मोहोरहरू तोडिए पनि छैटौं मोहोर अत्यन्तै गम्भीर र विनाशकारी छ। मत्ती २४ अध्यायमा हुन लागेका सूचीकृत परिणामहरू प्रकाश ६:१२-१७ मा दिइएका छन्। ती यस्ता छन्:

१. तब ठूलो भूकम्प भयो । सूर्य भाङ्ग्राजस्तो कालो भयो र पूर्णिमाको चन्द्रमा रगतजस्तै रातो भयो ।

२. अनि अञ्जीरको रूखलाई बतासले हल्लाउँदा नपाएका फलहरू झरेझैं आकासका ताराहरू पृथ्वीमा खसे ।

३. आकासचाहिँ चर्मपत्रको मुट्ठो बेह्रिएझैं लोप भयो र हरेक टापू र पहाड तिनीहरूका आफ्ना-आफ्ना ठाउँबाट हटेर गए ।

४. तब पृथ्वीका राजाहरू, राजकुमारहरू, जर्नेलहरू, धनीहरू, बलियाहरू, हरेक दास र स्वतन्त्र मानिस पहाडका गुफाहरू र चट्टानहरू हुँदो लुके ।

५. तिनीहरूले पहाडहरू र चट्टानहरूलाई भने, "हामीमाथि खस र सिंहासनमा विराजमान हुनुहुनेको मुहारबाट र थुमाको क्रोधबाट हामीलाई लुकाओ ।

....Contd. to page 6

NEHEMIAH BIBLE
RESIDENTIAL / EVENING COLLEGE,
Velachery / Chepauk & Santhoshapuram, Chennai.
Medium : Hindi / Tamil
Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders &
Senior Pastors for the past 53 years
Certificate in Theology : One year
Diploma in Theology : Two years
Qualification : 10th Standard & above
Rush for admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ ONLINE CLASSES ARE AVAILABLE ★

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### प्रशंसाको निम्ति बुँदाहरू

मई १९: परमप्रभुलाई प्रशंसा होस् किनकि कोभिड १९ को केसहरू भारतमा निकै कम भइरहेको छ ।

मई २०: हाम्रो छापाखानामा र १६ वटा भाषा प्रकाशनहरू छाप्न र मिसनका क्षेत्रमा पठाउन आशिष् खन्याउनुभएको निम्ति परमेश्वरलाई प्रशंसा होस् ।

मई २१: कोभिड १९ को समयमा हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** सबै क्रियाकलापहरूमा परमेश्वरले आशिष् दिनुभयो ।

मई २२: हाम्रा सहसम्पादकहरू र उनीहरूको परिवारहरूका लाभको निम्ति परमेश्वरलाई प्रशंसा होस् ।

मई २३: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहक वर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उनीहरूका परिवारहरूका निम्ति हामी परमप्रभु हाम्रा परमेश्वरलाई हामी प्रशंसा गर्छौं ।

मई २४: हाम्रो मण्डलीमा अभिषेकको साथमा नयाँ आशिषित विश्वासीहरू दिनुभएको निम्ति परमेश्वरको प्रशंसा गरौं ।

मई २५: गएको महिनामा हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूलाई** परमेश्वरले आशिष् दिनुभयो ।

मई २६: हाम्रो सेवकाइका यात्राहरूमा आशिष् दिनुभएको निम्ति हामी परमेश्वरलाई कृतज्ञ भएर प्रशंसा गर्छौं ।

मई २७: **हिन्दी ईश्वरशास्त्रीय कोर्सको** निम्ति हाम्रो अनलाइन कक्षाहरूमा परमेश्वरले आशिष् दिनुभयो ।

मई २८: हाम्रो देशको सुरक्षाको निम्ति परमेश्वरलाई प्रशंसा होस् ।

मई २९: ईश्वरशास्त्रीय सेमिनारहरू नियमित रूपमा संचालन गर्न हामीलाई सक्षम बनाउनुभएको निम्ति परमेश्वरलाई प्रशंसा होस् ।

मई ३०: विगतको महिनामा हाम्रा आवश्यकताहरू पूरा गर्नुभएको निम्ति परमेश्वरलाई प्रशंसा होस् ।

मई ३१: १९६९ देखि पत्रिका सेवकाइमा हाम्रो समर्पणतामा उहाँको आशिष्को निम्ति परमेश्वरलाई धन्यवाद होस् ।

जून १: हाम्रो **बाइबल पत्राचार कोर्स र ईश्वरशास्त्रीय पत्राचार कोर्सको** वृद्धिको निम्ति परमप्रभुलाई प्रशंसा होस् ।

जून २: हाम्रा कर्मचारीहरूका परिवारहरूमाथि खन्याउनुभएको उहाँको आशिष्को निम्ति परमेश्वरलाई प्रशंसा होस् ।

जून ३: परमप्रभु हाम्रा परमेश्वरले सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारलाई सबै दुष्ट शासनबाट जोगाइरहनुभएको छ ।

### प्रार्थनाको निम्ति बुँदाहरू

जून ४: सुसमाचारीय छापाखानामा आशिष्को निम्ति परमेश्वरमा प्रार्थना गरौं ।

जून ५: हाम्रो **आवासीय नहेम्याह बाइबल कलेजको** निम्ति विद्यार्थी भर्नाको निम्ति हाम्रो प्रभुमा प्रार्थना गरौं ।

जून ६: परमेश्वरप्रति सबै देशहरूका बीचमा इमानदारीताको निम्ति निरन्तर प्रार्थना गरौं ।

जून ७: हाम्रा अंग्रेजी सहसम्पादक भाइ एम. पावलराज पूर्णरूपमा निको हुन र शान्तिपूर्ण जीवन जिउनको निम्ति प्रार्थना गरौं ।

जून ८: संसारबाट कोरोना भाइरसको चाँडो उन्मूलनको निम्ति प्रार्थना गरौं ।

जून ९: हरेक तरिकामा हाम्रा सेवकाइहरूको फैलावटको निम्ति प्रार्थना गरौं ।

जून १०: हरेक पक्षहरू र योजनाहरूमा हाम्रो देशको एकता र प्रगतिको निम्ति प्रार्थना गरौं ।

जून ११: हाम्रो संस्था, समस्त कर्मचारी र उनीहरूका परिवारहरूको लाभको निम्ति परमेश्वरमा प्रार्थना गरौं ।

जून १२: सबै धर्महरूका बीचमा एकताको निम्ति प्रार्थनामा निरन्तर लागौं ।

जून १३: सबै ख्रीष्टियान संस्थाहरूमाथि आशिष् र सुरक्षाको निम्ति प्रार्थना गरौं ।

जून १४: सुसमाचार नपुगेका ठाउँहरूमा सुसमाचार फैलाउन हामीलाई सक्षम बनाउन परमेश्वरमा प्रार्थना गरौं ।

जून १५: सारा संसारभरि रहेका मानिसहरूको सुरक्षाको निम्ति प्रार्थना गरौं ।

जून १६: हाम्रा साझेदारहरू र प्रान्तीय संयोजकहरू र उहाँहरूको परिवारहरूका निम्ति प्रार्थना गरौं ।

जून १७: पृथ्वीमा परमेश्वरको राज्य निर्माणको लागि उहाँले हामीलाई धेरैभन्दा धेरै दर्शन दिनुभएको होस् भनेर प्रार्थना गरौं ।

जून १८: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूलाई सबै दुष्ट शक्तिबाट सुरक्षाको निम्ति प्रार्थना गरौं ।

*....Contd. from page 4*

६. किनकि उहाँहरूका क्रोधको ठूलो दिन आएको छ र यसको अगि को खडा हुन सक्छ ?"

प्रिय मित्रहरू, हुन लागेको वा अहिले भइरहेको वा भइसकेका विनाशका कुराहरू ५० वर्षअघि देख्न सकिएको थिएन र त्यसपछि मात्रै यी कुराहरू विकास भएका हुन् । माथि सूचीकृत विनाशहरू हुन सुरु भएका छन् र आउँदा दिनहरूमा त्यो आफ्नो उच्चतम् बिन्दुमा पुग्नेछ, निश्चिय नै त्यो चाँडै हुन लागेको छ वा ५० वा १०० वर्षभित्रमा हुनेछ । किनकि परमप्रभुको निम्ति १००० वर्ष एक दिनजस्तो छ र एक दिनचाहिँ १००० वर्षजस्तो छ किनकि उहाँ अनन्तदेखि हुनुहुन्छ, जो सृष्टिअघि र सृष्टिपछि हुनुहुन्छ ।

## सातौं मोहोर

अनि जब सातौं मोहोर तोडिएको थियो, स्वर्गमा आधा घण्टा सन्नाटा छायो (प्रकाश ८:१) । जब सारा संसार हाहाकार र उथलपुथल भएको थियो, आधा घण्टाको सन्नाटाको अर्थचाहिँ संसारले हुन लागेको ठूलो विनाशको साक्षी बन्दैछ भन्ने कुरालाई ध्यानमा राखिनुपर्छ । सातौं मोहोर तोडिने बित्तिकै त्यसले कुनै विपत्ति ल्याएको थिएन तर पृथ्वीमा सात कचौराहरू पोखिएर सात तुरहीको आवाजबाट हुन लागेको ठूलो विनाशको बारेमा बताउँछ । महासंकष्टको पहिलो साढे ३ वर्ष (१२४० दिन) को समयावधीमा तुरहीको आवाज र सात वर्ष महासंकष्टको दोस्रो खण्डको समयमा कचौराहरू पोखिने भनेर बाइबलका पण्डितहरूले विश्वास गर्छन् । अनि सात वर्षको महासंकष्ट सुरु हुनुअघि सन्तहरू उठाइलगिनेछन् । महासंकष्टको सुरुवातअघि मण्डली उठाइलगिएको थियो भनेर हामीले पहिले नै देखिसकेका छौं । अब, हामीले भइरहेका घटनाहरू प्रतिनिधित्व गर्नुपर्छ, जुन अहिले हाम्रो नाकमुनि भएको छ र जुन ५० वर्षअघि देखिएको थिएन । अनि हामीले जान्नुपर्छ कि पहिलो चार मोहोरहरू तोडिएपछिको परिणामहरू रोकिने छैनन् तर ती संसारमा पनि छन्, त्यो भइरहेको छ ।

## भूकम्प, सूर्य कालो हुनेछ र चन्द्रमा रातो हुनेछ

भूकम्पहरू पहिलो शताब्दीदेखि वा सोभन्दा अघिदेखि नै भइरहेको छ । तर वर्तमान दिनको तुलनामा त्यसको आवृत्ति र दर महत्वपूर्ण थिएन । करिब दश वर्षअघि भारतको प्रान्त गुजरातमा गम्भीर भूकम्प गएको थियो, जसमा सयौं मानिसहरू मरे र सैयौं घरहरू भत्किए वा भासिए । अनि हालै मात्र जापानको फुकुसिमामा शक्तिशाली भूकम्प गएको थियो, जहाँ न्यूक्लियर पावल प्लान्ट पूर्णरूपमा तहसनहस भएको थियो । सन् २००४ मा इन्डोनेसियामा आएको भूकम्पले जीवन र सम्पत्तिमा गम्भीर क्षति गरेको थियो र त्यसपछि आएको सुनामीले समुद्री किनार भएका देशहरू भारत, श्रीलङ्का, थाइल्याण्ड र अन्य देशहरूमा लाखौं मानिसहरूलाई मारेको थियो । भारतको पूर्वी क्षेत्रमा अझ गम्भीर अवस्था थियो, जहाँ साढे एक लाख मानिस मरेका थिए ।

संसारको विभिन्न क्षेत्रहरू भएका भूकम्पहरूको विभिन्न आयाम भइरहेको छ र त्यसको आवृत्ति र गम्भीरता समयसमयमा अलग छ । भूकम्प र सुनामीको विरुद्ध मानिसको संवेदनशीलताको बारेमा यी कुराहरूले बताउँछ ।

मिल्कीवे तारापुञ्जमा सूर्य सबैभन्दा ठूलो तारा हो । ब्रिटेनको ठूलो वैज्ञानिक स्टेफन हकिङले विगत ५० वर्षदेखि सूर्यको सतहमा कालो धब्बाको उपस्थितिको बारेमा बताइरहेका थिए । यो भनाइले पैसा संकलन भयो र धेरै वैज्ञानिकहरूले त्यसलाई प्रमाणित गर्न सुरु गरे र नासाले पनि त्यसलाई स्वीकारेको छ । सूर्यको सतहबाट हाइड्रोजन बलेको कारण कालो धब्बाहरू बनेका हुन्, जसले ठूलो उपत्यकाजत्रो कालो धब्बा बनाइरहेको छ । यी कुराहरूले सूर्यको ताप वृद्धि गरिरहेको छ र रेडियसन निस्किरहेको छ । यसलाई सोलार सुनामी भनिन्छ, जुन हुन लागेको छ र सूर्यबाट निस्कने र कालो धब्बाबाट निस्कने तातो तरङ्गहरू निस्कनेछ । यी इलेक्ट्रिक रूपमा चार्ज बोकेका थोकहरू हुन्, जसले सूर्यको नजिक भएका ग्रहहरूलाई धेरै प्रभाव पार्नेछ । हाम्रो पृथ्वी सूर्यबाट तेस्रो ग्रह हो र हामी खतराको स्थानमा छौं ।

२०२२-०१-२९ मा भएको घटनाले हालै मात्र संसारलाई चकित पारेको थियो र अन्टार्टिका क्षेत्र र ग्रीनल्याण्ड द्वीपमा ठूलो क्षति भएको छ । सामान्यतया, द्वीप सधैं बरफले ढाकेको हुन्छ र त्यहाँ वर्षा हुँदैन । सोलार सुनामी र तापक्रममा आएको परिवर्तनको कारण द्वीप हरियोमा परिणत भएको छ र सो क्षेत्रमा ठूलो मात्रामा बरफ पग्लेको छ, जसले पानीको स्तर वृद्धि गरेको छ, जसले समुद्री किनार भएका देशहरूको जलस्तर बढेको छ । समुद्री किनार भएका देशहरूमा बसोबास गर्ने मानिसहरूलाई सुरक्षित स्थानमा जान सूचना दिइएको छ । इन्डोनेसियाले आफ्नो राजधानी जार्गाथा भित्री स्थानमा पहिले नै सारेको छ र करिब २० लाख मानिसहरूलाई सार्ने प्रक्रियामा रहेको छ ।


# NEHEMIAH BIBLE COLLEGE

**of ECHO OF HIS CALL**

**(RESIDENTIAL-HINDI & EVENING-TAMIL)**

Asia Theological Association (ATA)
*Registered Candidate for Membership*

**23rd Graduation Service**

**at Balar Kalvi Nilayam Hall,**
M.R.C. Centre, Anitha Matriculation School Compound, 5/6, Ritherdon Road, Vepery, Chennai - 600 007.

**on 3rd June, 2022**
**Friday, 5:00 P.M.**

**Pray and Participate!**

- **Admissions started for the year 2022-2023!**
- **Please recommend deserving students!!**
- **Scholarship available for Residential Hindi students!!!**
- **Classes for the academic year 2022-23 will commence on 06.06.2022!!!!**

**Contact : Pr. S. Sam Selva Raj, President**

अब कालो धब्बाले सूर्यको सतहको १२ प्रतिशत स्थान ओगटेको छ र त्यो १०० प्रतिशत पुग्न लागेको छ। जब यो हुन्छ, बाइबलमा भनिएका कुराहरू पूरा हुनेछ।

सोलार सुनामीको आक्रमणमा संसार अत्यन्तै संवेदनशील छ। जब संसार बनेको थियो, परमेश्वरले पृथ्वीलाई सूर्यको आक्रमणबाट बचाउन यहाँ तीन वटा सुरक्षाका तहहरू बनाउनुभएको थियो। पहिलो तह, पृथ्वीमाथि भएको पानी निकालिएको थियो, जब संसार नोआको दिनमा जलप्रलयबाट नष्ट गरिएको थियो। दोस्रो सुरक्षाको तह ओजोन उद्योग, कलकारखाना, अटोमोबिल र अन्य कुराको कारण कार्बन डाइअक्साइड, नाइट्रस अक्साइड, आदिजस्ता ग्याँसको हानिकारक उत्सर्जनको कारण पूर्णरूपमा प्वाल पनि परिरहेको छ। अब तेस्रो सुरक्षाको तह चुम्बकीय क्षेत्रले मात्रै हामीलाई रेडियसनबाट बचाएको छ। निरन्तर हानिकारक ग्याँसको उत्सर्जनको कारण यसले पनि संघर्ष गरिरहेको छ।

यूएनओले पहिले नै शुन्य उत्सर्जन निश्चय गर्न विश्वव्यापी आहवान गरिसकेको छ, विशेष गरी उच्च रूपमा औद्योगिक क्षेत्र भएका देशहरूलाई। हरेक देशहरूले शुन्य उत्सर्जन प्राप्त गर्न समयसीमा तोकेको छ र भारतले अहिलेदेखि ३० वर्षको समयावधि तोकेको छ।

सूर्यको सतहमा वृद्धि भएको तापको कारण आर्टिक क्षेत्र र अन्य क्षेत्रमा भएका बरफ चाँडो पग्लिरहेको छ र समुद्रको स्तर बढिरहेको छ। यसले गर्दा वातावरणमा तापक्रमको वृद्धि पनि गरेको छ र यसको कारण, हालै मात्र यूरोपेली देशहरू र चीनमा बेसमयीको वर्षाले विनाश गरेको थियो।

आउँदो दिनहरूमा जब सूर्यमा कालो धब्बाको क्षेत्र वृद्धि हुन्छ र सोलार सुनामीको सम्भावना वृद्धि हुन्छ, संसारका देशहरू भय र चिन्तामा रहेका छन्। तिनीहरूले आफ्नो हृदयको नजिक भएका आफ्ना थोकहरू र कम्तीमा पनि केही मानिसहरूको समूहलाई बचाउन विभिन्न तरिकाहरूको आविष्कार गरेका छन्। अमेरिकाले एक कदमअगाडि ठूला डाँडा र पहाडहरूमा गहिरो स्थानमा १०० भन्दा धेरै बंकरहरू विकास गरिरहेको छ। हरेक बंकरहरू १४०० फिटदेखि २००० फिटको गहिराइमा बनाइएको छ। हरेक बंकरको आकार फरक हुन सक्छ। तापनि हरेक बंकर जिउनको लागि चाहिने सबै सम्भव भएका सेवाहरूको साथमा सानो नगरको आकारमा रहेको छ। हरेक बंकर ४ देखि ६ महिनासम्म बसोबास गर्नसकनि सुविधानहरू प्रदा नगरिएको छ र एक जना व्यक्तिलाई त्यहाँ बस्ने शुल्क वा भाडा करिब दुई लाख डलर रहेको छ। व्यक्तिगत खेलाडीहरूले पनि त्यसमा लगानी गरेका छन्।

यूरोपेली देशहरूमध्ये धेरैले आफ्ना नागरिकहरूलाई बसोबास दिन बंकरहरू निर्माण गर्न सुरु गरेका छन्। नर्वे, स्वीट्जरल्याण्ड, स्वीडेन, आदि जस्ता देशहरू यस कुरामा अगाडि छन्। एक करोड डलर पर्ने प्रश्नको जवाफ अझै बाँकी छ। जब ठूलो भूकम्प जान्छ अथवा ज्वालामुखीहरूको विष्फोटन हुन्छ, कति वटा बंकरले सुरक्षा प्रदान गर्न सक्छ। जब संसार नरसंहारको अधीनमा हुन्छ, के त्यो ४ वा ६ महिनाको सुरक्षाको निम्ति पर्याप्त हुन्छ ? मानिसले कहिल्यै पनि परमेश्वरको योजनामाथि विजय हासिल गर्न सक्दैन।

मौसम परिवर्तनमा लेख्ने दि वर्ल्ड बडीले २८ फेब्रुअरी २०२२ मा प्रतिवेदन प्रकाशन गरेको थियो। अबको दुई दशकभित्र तापक्रम १.५ प्रतिशत वा सोभन्दा बढीले वृद्धि हुन सक्छ भनेर त्यसले संसारका देशहरूलाई चेतावनी दिएको छ। यसले प्रकृति र मानिसहरूमा गम्भीर प्रभाव पार्नेछ। भारतमा भएका धेरै सहरहरूमा ३५-३६ डिग्री से. भन्दा माथिको तापक्रम छ। त्यसैले, संसार मानिसहरू बसोबास गर्नको निम्ति नमिल्ने बन्दै गइरहेको छ।

संसारलाई तर्साउने अर्को ठूलो खतराचाहिँ पृथ्वीमा पड्काइएको न्यूक्लियर बमको साथमा विष्फोट गर्ने सामानहरूको उपस्थिति हो, जसले संसारलाई धेरै पटक विनाश गर्न पर्याप्त हुन्छ। जब बलियो भूकम्प वा ज्वालामुखी विष्फोटन हुन्छ, न्यूक्लियर हतियारहरू र विष्फोटकहरूलाई के हुन्छ ? विकसित देशहरू र भारतमा पनि अहिले हरेक घरहरूमा पाइपलाइनको प्रयोगबाट ग्याँस (एलपीजी) जोडिएको छ। जब विपत्ति आउँछ, यी एलपीजी र त्यसको भण्डारण ट्याङ्कीलाई के हुन्छ ? त्यसैले, कुनै शङ्का छैन, संसार ज्वालामुखीमाथि बसिरहेको छ।

संसारको विभिन्न भागहरूमा रातो चन्द्रमाको प्रदर्शन भइरहेको छ। भारतमा यस्तो हालैमा भएको थियो र मानिसहरूले नाङ्गो आँखाले त्यस्तो हेर्न पाएका थिए। हालैका वर्षहरूमा यसको दर (देखिने) वृद्धि भएको छ।

अन्तरिक्षबाट उल्कापिण्डहरू र अन्य आकासका कुराहरू खस्नु सामान्य बनिसकेको छ। हालै मात्र समुद्रमा छ टनको उल्कापिण्ड खसेको थियो। अब, यस्तो खस्ने दर वृद्धि भएको छ र बाइबलमा लेखिएअनुसार ताराहरू खस्न सुरु हुनेछ, जसरी अञ्जिरका पातहरू बतास चलेको बेलामा अञ्जिरको रूखबाट खस्छ।

तापक्रम वृद्धि हुँदा आकास हटेर पनि जान सक्छ, जसरी बाइबलमा लेखिएको छ। ठूलो भूकम्प र ज्वालामुखी विष्फोटनको कारण पहाडहरू र द्वीपहरू हटाइनेछ।

विपत्तिले भरिएको विनाशमा मानिसहरूले आफ्नो घर छोड्छन् र पहाडहरू र डाँडाहरूको मुनि लुक्न भौतारिनेछन् र केहीले चाहिँ ती आफूमाथि खस भनेर पनि भन्नेछन्। ती दिनहरूमा मृत्यु तिनीहरूबाट भाग्नेछ।

प्रकाश १३:१६-१८ मा भनिएअनुसार, संसारमा भएका हरेक व्यक्ति, ठूला वा सानाले आफ्नो दाहिने हात वा निधारमा छाप लगाउनुपर्छ। यसको निम्ति ख्रीष्टविरोधी तत्वहरू अहिले हरेक व्यक्तिको अभिलेख डिजिटलाइजेसन गर्नमा व्यस्त छन्। करिब हरेक देशहरूले आधारजस्ता कार्डहरू पहिले नै वितरण गरेका छन्। मोवाइल नम्बर, बैंक खाता नम्बरमा चाहिँ १६ अङ्कको नम्बर दिइएको हुन्छ, जुमा कम्प्यूटरको दुई वटा अङ्क जोडेर १८ अङ्कको बनाइन्छ। १८ अङ्कको नम्बरलाई गणना गर्ने हो भने त्यसले ६६६ को अद्वितीय नम्बर दिनेछ, जुन पशुको नम्बर हो। यी सबै थोकहरू बायोचिपमा राखिएको छ र यो चिप दाहिने हातमा वा निधारमा राख्न तयार गरिएको छ भनेर बताइन्छ। ख्रीष्टविरोधी तत्वहरू चिप राख्नको निम्ति उपयुक्त समय पर्खिरहेका छन्।

अब सात वर्षको महासंकष्टको निम्ति सबै थोक तयार गरिएको छ। छैटौं मोहोर तोडिएको पनि छ र त्यसको असल महसुस गरिएको थियो। अझ ठूलो असर अझै आउन बाँकी नै छ। परमेश्वरको सेवकले गीतमा विनाशलाई प्रतिबिम्बित गरेका छन्, जुन यस्तो रहेको छ:

१. स्वर्गमा परमेश्वरको सेना
   लाखौं लाख छन्
   भीड गुफाहरूतिर भाग्छन्
   ताराहरूले स्थान परिवर्तन गर्छ र
   पृथ्वीका हरेक भागमा खस्छन्।
   तर म मेरो प्रियसँग हुन्छु
   नाच्दै र गाउँदै।
   हाल्लेलूयाह। हाल्लेलूयाह (८ पटक)।
२. पाँच महादेशका सबै क्षेत्रहरू
   अन्त्यमा आउनेछन्।
   अन्धकारले छोप्छ। मेघ गर्जिन्छ।

*....Contd. to page 9*



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

## "जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

### बनाउनुहुने परमेश्वर

मैले **इरानिएल सरकारी हाई स्कुलमा** सन् १९६२ देखि १९६५ को बीचमा मैले मेरो ९,१० र ११ कक्षामा अध्ययन गर्नु परमेश्वरको अनुग्रह हो, जुन मेरो स्थानीय गाउँको नजिकै थियो। त्यसपछि मैले आफ्नो प्रि-युनिभर्सिटी कोर्स (पी.यू.सी) **लक्ष्मीपुराम कलेज अफ आर्टस् एण्ड साइन्समा** गरेको थिएँ, जुन मेरो गाउँ नजिकै थियो।

येर्काउडमा अहिले प्रभुको सेवा गरिरहनुभएका रेभ. डा. ए. सेल्भाराज मिसनरीको रूपमा जमुना मरुथरमा जातिहरूका बीचमा लामो समयको निम्ति काम गरिरहनुभएको थियो। उहाँले मसँगै हाई स्कुलमा अध्ययन गर्नुभयो। उहाँ मेरो आत्मिक रोल मोडल हुनुहुन्छ।




Rev. Dr. A. Selvaraj

उहाँ मेरो मित्र मात्रै हुनुहुन्न, उहाँले मेरो सेवकाइमा मलाई उत्साह पनि दिनुभयो। उहाँले मेरो प्रार्थनाको जीवनमा प्रेरणा दिनुभयो र आत्मिक रूपमा हुर्कन मलाई सहायता गर्नुभयो। परमप्रभु परमेश्वरले हामीलाई संसारका विरोध गर्ने शक्तिहरू, शरीर र दुष्टबाट अलग्गै अगुवाइ गर्नुभयो। प्रभुले हामीलाई चलचित्र, सांसारिक मनोरञ्जन, खराब बानीहरू र लागुपदार्थका दासहरू नबन सहायता गर्नुभयो। तर परमप्रभु परमेश्वरले हामीलाई पवित्र जीवनमा वृद्धि हुन सहायता गर्नुभयो।

त्यो समयमा मेरो परिवार आर्थिक रूपमा कमजोर थियो। त्यसैले, जब म कलेजमा थिएँ, मेरी आन्टी श्रीमती रोजलेट देभाकादाक्समले हरेक दिन खाजा उपलब्ध गरेर मलाई सहायता गर्नुभयो। उहाँ उदयाभिलाइ भन्ने स्थानमा बस्नुहुन्थ्यो। उहाँका छोराछोरी भाइ प्रिन्स, बहिनी ज्यासमिन फ्लोरल, भाइ वाइज र मेरी सानी बहिनी दाउट्टीले मलाई अत्यन्तै राम्रो गरी वास्ता गर्नुभयो, जस्तै कि उहाँले साँनो येशूको निम्ति प्रदान गरिरहनुभएको थियो। परमेश्वरको भय उहाँहरूको जीवनशैली थियो र मैले उहाँहरूबाट त्यो सिकेको थिएँ।

यो समयावधीमा मैले आफैँमा गहन चाहना विकास गरिरहेको थिएँ। म दोषरहित व्यक्ति भएर र उच्च चरित्रको मानिसमा वृद्धि हुने मेरो बलियो चाहना थियो। यो संसार सृष्टि गर्नुहुने र त्यसको निम्ति हरेक थोक उपलब्ध गर्नुहुने परमप्रभु परमेश्वरको अघि केही असल काम गर्ने चाहना ममा सधैं थियो। पदले भन्दछ, **"किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीमा काम गर्नुहुन्छ"** (फिलिप्पी २:१३), म इमानदारपूर्वक जिउन र परमप्रभु परमेश्वरको निम्ति केही ठूलो कुरा प्राप्त गर्ने लक्ष्य विकास भएको थियो। यो लक्ष्य प्राप्त गर्नको निम्ति मैले सांसारिक साथीहरू र आफन्तहरू र सम्पत्ति पनि गुमाउन मैले आफैंलाई समर्पण गरें। मैले तीमध्ये धेरै गुमाएँ पनि।

तरिकामा व्यवहार गर्नुभयो। तर **"...येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेका कुराबाहेक अरू केही नजान्ने नै मैले निश्चय गरेको थिएँ"** (१ कोरिन्थी २:२)। परमप्रभुले मेरो मस्तिष्क र हृदय उहाँको बारेमा मात्रै त्यसैले मेरो युवावस्थाका दिनदेखि नै म परमेश्वर र उहाँसँग सम्बन्धित कुराहरूभन्दा कुनै अन्य कुरामा रुचि राख्दिनथें। मलाई संसारका धेरै थोकहरूका बारेमा थाहा पनि थिएन। मेरा स्कुलका शिक्षकहरूमध्ये केहीले म मन्दबुद्धिको विद्यार्थी थिएँ भनेर सोच्थे र त्यसैले उहाँहरूले मलाई सोही सोच्ने र सोहीअनुसार जिउने बनाउनुभयो। मेरो अवस्थालाई अवसरको रूपमा विचार गर्न र कमजोरीको रूपमा होइन भनेर विचार गर्न पनि पवित्र आत्माले मलाई सक्षम बनाउनुभयो।



*S. Sam Selva Raj (Age : 18)*

उदाहरणको निम्ति, मैले स्कुलमा अनपेक्षित रूपमा कुनै फिल्म हेरें अथवा मैले यात्राको समयमा वा मैले कुनै सांसारिक कथा सुनें भने पनि मैले आफ्ना आँखाले ती देख्न सक्थें र मेरा कानले ती कुरा सुन्न सक्थें। तर मेरो मस्तिष्क वा हृदयमा केही पनि कुरा पस्दैनथे। संसारका यी थोकहरूका निम्ति ममा एक प्रकारको इन्कारले काम गरिरहेको मैले महसुस गर्न सक्थें। मैले हेर्ने वा सुन्ने जुनसुकै कुरा मेरो हृदयबाट मेटिन्थ्यो। मैले देखेका वा सुनेका कुरा फेरि दोहोर्‍याउन वा संकलन गर्न म सक्दैनथें। **"...म बुद्धिमानहरूको बुद्धि नष्ट पार्नेछु र चतुरहरूको चतुर्‍याइँ विफल तुल्याउनेछु"** (१ कोरिन्थी १:१९)।

संसारका मानिसहरूले मलाई बेवास्ता गर्ने व्यक्तिको रूपमा विचार गर्थे। तर म त्यसको बारेमा चिन्ता गर्दैनथें। सर्वशक्तिमा परमप्रभु ममा बास गर्नुहुन्छ र उहाँले मलाई उच्च स्तरमा र उच्च स्थानमा अगुवाइ गरिरहनुभएको थियो भनेरमेरो हृदयले राम्ररी थाहा गरेको थियो। संसारले भनिरहेको थियो, "गुप्त कुरा सिक र त्यो बिर्स" यो कुरा ममा लागु भएको थिएन। म यो संसारमा जिइरहेको भए पनि परमेश्वरले मलाई अलग जीवन जिउन तालिम दिनुभएको थियो।

**"तर यसो लेखिएको छ, आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ।"**

**परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ। किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि खोजी गर्नुहुन्छ। मानिसभित्र रहेको आफ्नै आत्माबाहेक कसले मानिसका विचारलाई बुझ्न सक्छ? त्यसरी नै परमेश्वरका विचार परमेश्वरका आत्माबाहेक कसैले बुझ्दैन। अब हामीले संसारको आत्मा पाएका छैनौं तर परमेश्वरले हामीलाई दिनुभएका वरदानहरू बुझ्न सकौं भनेर उहाँबाट पवित्र आत्मा पाएका छौं।**

(१ कोरिन्थी २:९-१२)।



Mr. C. Selvam



Mr. Gilbert Roy

दिइएको अवस्थाको अधीनमा **"कमर्सियल इन्स्टिच्यूट, नेयूर"** का संस्थापक स्व. सी. सेल्भामले बुझ्नुभएको थियो कि परमेश्वरले ममा विशेष योजना राख्नुभएको थियो र केही महान् काम गर्न उहाँले मलाई बनाउन लाग्नुभएको थियो । उहाँ मेरो बुबाको साथी हुनुहुन्थ्यो । उहाँलाई मेरो आर्थिक अवस्थाको बारेमा थियो र मलाई कार्यालय प्रशासन, टाइप गर्ने र हातले दुवै अंग्रेजी र तामिलमा लेख्न सिक्न र पारंगत हुन सहायता गर्नुभयो । उहाँले मबाट कुनै शुल्क लिनुभएन । उहाँले मलाई प्रायः भन्नुहुन्थ्यो, "तिमी एक दिन परमेश्वरको शक्तिशाली सेवक र असल प्रशासक बन्नेछौ ।" यसका साथै उहाँले आफ्नो सहयोगी गिलबर्ट रोयलाई मेरो वास्ता गर्न भन्नुभएको थियो । अहिले गिल्बर्ट रोय **कन्याकुमारी ख्रीष्टियान फोरम चेन्नाइका** अध्यक्ष हुनुहुन्छ । उहाँले मलाई इमियाम्मा सन्यासिनी अम्मलको स्याहारको अधीनमा दिनुभयो, परमेश्वरका समर्पित र वृद्ध महिला हुनुहुन्थ्यो ।

**"के एउटै माटोको ढिकाबाट एउटा आदरको भाँडो र अर्कोचाहिँ तुच्छ कामको लागि बनाउने माटोमाथि कुमालेको अधिकार छैन र"** (रोमी ९:२१) ? यो पदअनुसार परमेश्वरले मलाई बनाउन सुरु गर्नुभएको थियो । ***

पृष्ठ ७ बाट

रुवाइ र आँसु झार्ने काम हुनेछ ।
तर गवाहीहरूको गीत
सन्तहरूबाट सुनिनेछ ।
३. समुद्र गर्जिन्छ, सीमाहरू उल्लङ्घन हुन्छ,
जहाज डुब्छ, ठूलो विनाश हुन्छ
यातायातहरू रोकिन्छन्
र संसारमा केही थोक पनि रहनेछैन
परमेश्वरको वचन कस्तो अचूक
बताइएका हरेक थोक पूरा हुन्छ - जे. इमील जेबा सिंह

## परमप्रभुको दिन

हाम्रो प्रभु येशू ख्रीष्ट २००० वर्षअघि मुक्तिदाताको रूपमा विनम्र र शान्त भएर, गधामा सवार भएर पहिलो पटक आउनुभयो (जकरिया ९:९) । तर उहाँको दोस्रो आगमनचाहिँ उहाँका सन्तहरूका साथमा जैतुन डाँडामा ओर्लनुहुनेछ (जकरिया १४:४) । त्यो दिन क्रोधको दिन, समस्या र निरासाको दिन हुनेछ ।

त्यो दिन क्रोधको दिन हुनेछ,
विपत् र वेदनाको दिन,
कष्ट र सर्वनाशको दिन,
अँध्यारो र विरक्तको दिन,
बादल र घोर अन्धकारको दिन,
परमप्रभुका क्रोधको दिनमा
न त तिनीहरूको चाँदीले
न तिनीहरूको सुनले तिनीहरूलाई बचाउन सक्नेछ (सपन्याह १:१५,१८) ।

**"हेर, उहाँ बादलहरूसाथ आउँदै हुनुहुन्छ र हरेक आँखाले उहाँलाई देख्नेछ । तिनीहरूले पनि, जसले उहाँलाई घोचे र पृथ्वीका सबै कुलहरूले उहाँको कारण विलाप गर्नेछन् । यसै होस् । आमेन"** ( प्रकाश १:७) ।

ख्रीष्टविरोधीको अन्यायपूर्ण सातवर्षे शासनपछि तुरुन्तै हाम्रो प्रभु येशू ख्रीष्टको आगमन जैतुनको डाँडामा हुनेछ । येशूको पहिलो आगमनमा उहाँ संसारको मुक्तिदाता, नम्र र शान्त भएर आउनुभयो तर उहाँको दोस्रो खुल्ला आगमनको समयमा उहाँ राजाहरूका राजा र धर्मी न्यायकर्ताको रूपमा आउनुहुनेछ । अब उहाँ हजारौं सेतो घोडामा चढेका सन्तहरूका बीचमा सेतो घोडामा चढेर आउनुहुनेछ (प्रकाश १९:११-१४) ।

**"किनकि उहाँ आउनुहुन्छ, उहाँ पृथ्वीको न्याय गर्न आउनुहुन्छ,
उहाँले संसारको न्याय धार्मिकतामा,
र मानिसहरूको न्याय आफ्नो सत्यतामा गर्नुहुनेछ"** (भजनसंग्रह ९६:१३) ।

सन्तहरू उठाइलगिएसँगै अनुग्रहको समयावधी अन्त्य हुनेछ र मानिसहरूलाई तिनीहरूका कामअनुसार न्याय गरिनेछ । कसैलाई पनि कृपा देखाइनेछैन । कुनै व्यक्ति बचाइन चाहन्छ भने उसले त्यस्तो गर्न सक्दैन किनकि अनुग्रहको समयावधी सिद्धिएको हुन्छ । अनि ऊ परमेश्वरको राज्यमा प्रवेश गर्न अझै पनि चाहन्छ भने ऊ महासंकष्टको समयमा शहीदको रूपमा मर्नुपर्ने हुन्छ ।

अबदेखि कुनै पनि समयमा प्रभुको उठाइलगिने काम हुन सक्छ । त्यसैले, मुक्तिको निम्ति सबैभन्दा असल दिन आजै हो ।

मुक्ति परमेश्वरको सबैभन्दा असल वरदान हो (रोमी ६:२३) । अनि मुक्ति व्यक्तिगत हो । हरेक व्यक्तिले मुक्ति प्राप्त गर्नुपर्छ । आज थुमाको रगतद्वारा यो तपाईंकहाँ आएको छ । संसारले जीवन र मृत्यु प्रस्तुत गर्छ । मृत्युलाई इन्कार गर्नुहोस् र जीवनलाई अंगाल्नुहोस् । यसको निम्ति तपाईंले येशूतिर हेर्नु, पश्चात्ताप गर्नु र आफ्नो पाप स्वीकार मात्रै गर्नुपर्छ । आफ्नो दागरहित रगतबाट तपाईंका पाप धुन प्रभु येशू ख्रीष्ट विश्वासयोग्य हुनुहुन्छ । बाइबलले भन्दछ, उहाँको पुत्र प्रभु येशू ख्रीष्टको रगतले हामीलाई सबै पापबाट शुद्ध गर्छ (१ यूहन्ना १:७) । तपाईंले त्यस्तो गर्नुहुन्छ भने न्यायको दिनमा तपाईं प्रभुको क्रोधबाट बच्न सक्नुहुन्छ किनकि सबै परमेश्वरलाई घृणा गर्ने, दुष्ट र विद्रोही उहाँको अघि खडा हुनुपर्छ र आफ्ना कार्यको लेखा दिनुपर्छ । **समय बितेको छैन । आजै विश्वास गर्नुहोस् ।**

ख्रीष्टविरोधीको आगमनको निम्ति संसार तयार छ । त्यसको सात वर्षको शासन पूरा भएपछि प्रभु येशू ख्रीष्ट देखिने गरी राजा र धार्मिक न्यायकर्ताको रूपमा आउनुहुनेछ र ख्रीष्टविरोधी र त्यसका समर्थकसँग लडाइँ गर्नुहुनेछ । ख्रीष्टविरोधीको पछि चलाउने शक्ति शैतान हुनेछ । परमप्रभुले आफ्ना सन्तहरूका साथमा आरमागेड्डोनमा ख्रीष्टविरोधी र त्यसका समर्थकहरूलाई भेट्नुहुनेछ । यहूदा र इस्राएलका मानिसहरूले येशूलाई सहायता गर्नेछन् (जकरिया ९:१३) । त्यो एकदिने लडाइँ हुन सक्छ । लडाइँमा ख्रीष्टविरोधी र झुटा अगमवक्ताहरू पराजित हुनेछन् र समातिनेछन् र तिनीहरूलाई नरकको आगोमा हालिनेछ । शैतानलाई पनि समातिनेछ र एक हजार वर्षको निम्ति पातालमा बन्द गरिनेछ (प्रकाश २०:१,२) ।

परमप्रभु परमेश्वर येशू ख्रीष्टको आगमन चाँडै आउँदैछ । उठाइलगिने बेलाको निम्ति तयार हुनुहोस् । परमेश्वरले तपाईंलाई आशिष् देऊन् ।

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

## बोलावटको प्रतिध्वनि

**यूट्यूब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **S. Sam Selva Raj** |
| A/C No. | : | **1023 2934 679** |
| IFSC | : | **SBIN 00 00 249** |

SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

| | | |
|---|---|---|
| Branch | : | **Anna Salai, Chennai-6** |
| Name | : | **Echo of His Call** |
| A/C No. | : | **6038 0502 2319** |
| IFSC | : | **ICIC 000 6038** |

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **Echo of His Call Educational Trust** |
| A/C No. | : | **1023 2923 805** |
| IFSC | : | **SBIN 00 00 249** |

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th MAY, 2022**

**If un-delivered please return to:**

**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers**, New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**